नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नेपालगञ्ज, बाँके ।

☎०८१-५३०१८८
✉: cdonpj@gmail.com
daobanke@moha.gov.np
www.daobanke.moha.gov.np

प.स: ०८०/०८१(स्था.प्र.)

चं.नं.- ५४६३

मितिः २०८०/११/०४

विषयः सन् २०२४ को हज शुल्क एवं आवेदन फाराम बुझाउने सम्बन्धी सूचना ।

श्री स्थानीय तह सबै ।
बाँके ।

प्रस्तुत विषयमा सन् २०२४ मा नेपालबाट गरिने हजयात्रा व्यवस्थापनको लागि मिति २०८०/११/०४ को गोरखापत्रमा प्रकाशित नेपाल हज समितिको सूचना र आवेदन फाराम यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । हज शुल्क एवं आवेदक फाराम बुझाउने सम्बन्धी सूचना त्यस पालिकाको सूचना पाटीमा टाँस गरी सोको जानकारी यस कार्यालयलाई पठाइदिनु हुन अनुरोध छ ।

२०८०।११।०४

लाल बहादुर गुरुङ
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल हज समिति

सिंहदरवार काठमाडौं

## सन् २०२४(हज १४४५) को हज शुल्क एवं आवेदन फाराम बुझाउने सम्बन्धी सूचना

प्रकाशित मिति २०८० फागुन ०४ गते

सन् २०२४ (हज १४४५) को हजयात्राका लागि नेपाल हज समितिले मिति २०८० श्रावण ३० गते र मिति २०८० कार्तिक २२ गते प्रकाशन गरेको सूचना बमोजिम आवेदन गरेका आवेदकहरूले हज शुल्कको दोस्रो किस्ता वापत रू.२,६५,०००/- (दुई लाख पैंसठ्ठी हजार मात्र) नेपाल हज समितिको राष्ट्रिय वाणिज्य बैंक, सिंहदरवारमा रहेको खाता नं.११३०१०००००३९६००१ मा बुझाई सक्कल भौचर र आवेदकको राहदानी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा मिति २०८० फागुन ११ गते सम्म बुझाउनु हुन सम्बन्धित सबैको लागि सूचित गरिन्छ। साथै यस अगाडिको सूचनाको म्याद भित्र आवेदन गर्न छुट भएका इच्छुक नेपाली इस्लाम धर्मावलम्वीहरूले समेत हज शुल्क वापत एकमुष्ट रू.४,१५,०००/- (चार लाख पन्ध्र हजार मात्र) उल्लेखित बैंकको खातामा बुझाइ आवेदन फाराम सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सक्कल भौचर र राहदानी बुझाउनुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ। साथै साउदी अरबको हज तथा उमरा मन्त्रालयबाट तोकिने सरकारी शुल्कमा थपघट भई आएमा सोही बमोजिम हज शुल्कमा थपघट गरी पुनः सूचना गरिने व्यहोरा नेपाल हज समितिको मिति २०८० फागुन ०२ को निर्णयानुसार सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

थप जानकारी एवं आवेदन फाराम Download गर्नका लागि नेपाल हज समितिको सचिवालय, सिंहदरवारको वेवसाइट nepalhajj.moha.gov.np मा भ्रमण गर्नुहुन र फोन नं ०१-४२१११०४/७२ वा इमेल ठेगाना: nepalhaj@gmail.com मार्फत सम्पर्क गर्न सकिनेछ।

**शमशेर मियाँ**

अध्यक्ष

नेपाल हज समिति, सिंहदरवार, काठमाडौं।